जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुट्छ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ


Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ३०० | २०८३ साल असार ०२ गते मंगलवार | Tuesday-16-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## फरक शीर्षकबाट खर्च : निजगढ नगरपालिकामा आर्थिक अनुशासनमाथि गम्भीर प्रश्न

***शु.आ. सम्बाददाता***
***बारा, ०१ असार***

आर्थिक अनुशासन, बजेट कार्यान्वयन र सार्वजनिक खर्चको पारदर्शितामाथि गम्भीर प्रश्न उठाउँदै महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष २०८१/०८२ को प्रतिवेदनमा निजगढ नगरपालिकाले विनियोजित शीर्षकभन्दा फरक शीर्षकबाट लाखौं रुपैयाँ खर्च गरेको तथ्य सार्वजनिक गरेको छ । प्रतिवेदनअनुसार नगरपालिकाले कानुन र वित्तीय उत्तरदायित्वको मर्मविपरीत विभिन्न भुक्तानीहरू गलत खर्च शीर्षकबाट गरेको भेटिएको छ ।




आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसार खर्च गर्दा तोकिएको तथा बजेट विनियोजन भएको शीर्षक भन्दा फरक शीर्षकबाट खर्च गरेकोले देहायबमोजिम देखिन्छ । कानून विपरीत फरक शीर्षकबाट खर्च गरेको रकम नियमसम्मत नदेएको रु.

| भौचर नं | खर्च शीर्षक | भुक्तानी प्रयोजन | रकम |
|---|---|---|---|
| ५८।०८१।६।१५ | पारिश्रमिक पदाधिकारी | कर्मचारी अनुगमन वापतको भत्ता | ४६४००० |
| ५७७।०८१।१०।४ | पारिश्रमिक पदाधिकारी | कर्मचारीको फिल्ड अनुगमन भत्ता | ५३५००० |
| ८३०।०८१।११।२ | पारिश्रमिक पदाधिकारी | गाडिभाडा वापतको रकम भुक्तानी | १२०००० |
| १०१८।०८१।११।२७ | पारिश्रमिक पदाधिकारी | कर्मचारी प्रोत्साहन खर्च | २३२५०० |
| ११५४।०८२।०३।२३ | महंगी भत्ता | सुचना प्रकाशन | १३०६९० |
| १७८१।०८२।३।१८ | महंगी भत्ता | विविध खर्च | १३३१४० |
| १९२३।०८२।३।२२ | पारिश्रमिक पदाधिकारी | श्रमण भत्ता वापतको रकम भुक्तानी | ११७५०० |
| १९७८।०८२।३।२३ | महंगी भत्ता | विविध खर्च | २३८७२० |
| २११२।०८२।३।२५ | कर्मचारी प्रोत्साहन | विविध खर्च | १७६६४५ |
| जम्मा | | | २१५८१९५ |
| | | अनियमित भएको | २१,५८,१९५ |

अनियमित

महालेखा परीक्षकको प्रतिवेदनले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) को स्पष्ट उल्लंघन भएको उल्लेख गरेको छ। उक्त नियमअनुसार कुनै पनि सरकारी निकायले स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही तोकिएको शीर्षकबाट मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । तर निजगढ नगरपालिकाले कर्मचारी भत्ता, गाडीभाडा, सूचना प्रकाशन, विविध खर्चलगायतका भुक्तानीहरू फरक शीर्षकबाट खर्च गरेको देखिएको छ। प्रतिवेदनमा उल्लेख भएअनुसार 'पारिश्रमिक पदाधिकारी' शीर्षकबाट कर्मचारी अनुगमन भत्ता, फिल्ड अनुगमन भत्ता, गाडीभाडा, कर्मचारी प्रोत्साहन खर्च तथा भ्रमण भत्ता भुक्तानी गरिएको छ। त्यस्तै 'महँगी भत्ता' शीर्षकबाट सूचना प्रकाशन तथा विविध खर्च गरिएको छ भने 'कर्मचारी प्रोत्साहन' शीर्षकबाट समेत विविध खर्च गरिएको भेटिएको छ ।

महालेखाको विवरणअनुसार कर्मचारी अनुगमन भत्ताका लागि ४ लाख ६४ हजार रुपैयाँ, कर्मचारीको फिल्ड अनुगमन भत्ताका लागि ५ लाख ३४ हजार रुपैयाँ, गाडीभाडाका लागि १ लाख २० हजार रुपैयाँ, कर्मचारी प्रोत्साहन खर्चका लागि २ लाख ३२ हजार ५ सय रुपैयाँ, सूचना प्रकाशनका लागि १ लाख ३० हजार ६ सय ९० रुपैयाँ, विविध खर्चका नाममा विभिन्न शीर्षकबाट लाखौं रुपैयाँ खर्च गरिएको छ ।

यी सबै खर्चको जम्मा रकम २१ लाख ५८ हजार १ सय ९५ रुपैयाँ पुगेको महालेखाको प्रतिवेदनमा उल्लेख छ। उक्त रकमलाई महालेखाले "अनियमित" मानेको छ ।

वित्तीय अनुशासनमा प्रश्न

स्थानीय तहमा बजेट विनियोजनको उद्देश्य नै खर्चलाई पारदर्शी, उत्तरदायी र नियन्त्रणयोग्य बनाउनु हो । तर स्वीकृत शीर्षकभन्दा फरक शीर्षकबाट खर्च गरिनुले बजेटको वास्तविक उद्देश्यलाई नै कमजोर बनाउने

*बाँकी तेश्रो पृष्ठमा*

## बारामा आर्थिक गणना अन्तिम चरणमा, लक्ष्यभन्दा बढी प्रतिष्ठानको विवरण संकलन

***कलैया, ०१ असार***

राष्ट्रिय आर्थिक गणना-२०८२ अन्तर्गत बारा जिल्लामा सञ्चालन भइरहेको स्थलगत तथ्याङ्क सङ्कलन कार्य अन्तिम चरणमा पुगेको छ। निर्धारित लक्ष्यभन्दा बढी व्यवसाय तथा प्रतिष्ठानको अभिलेखीकरण गर्दै बारा जिल्ला आर्थिक गणना कार्यान्वयनमा उल्लेखनीय सफलता हासिल गरेको छ ।

जिल्ला आर्थिक गणना कार्यालय, बाराका जिल्ला आर्थिक गणना अधिकारी राजेश दासका अनुसार हालसम्म जिल्लाभरका २१ हजार ७४ वटा व्यवसाय तथा प्रतिष्ठानको स्थलगत गणना सम्पन्न भइसकेको छ । राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथलीले बारा जिल्लाका लागि २० हजार ९ सय २१ प्रतिष्ठान गणना गर्ने लक्ष्य निर्धारण गरेको थियो । तर, गणना टोलीले निर्धारित लक्ष्यभन्दा बढी प्रतिष्ठानको विवरण संकलन गर्दै लक्ष्यलाई पार गर्न सफल भएको छ। कार्यालयका अनुसार प्रारम्भिक तथ्याङ्कले जिल्लामा पछिल्ला वर्षहरूमा आर्थिक गतिविधि उल्लेखनीय रूपमा विस्तार भएको संकेत गरेको छ । उद्योग, व्यापार, सेवा, होटल तथा रेष्टुरेन्ट, निर्माण सामग्री, वित्तीय सेवा,




कृषि तथा अन्य उत्पादनमूलक क्षेत्रसँग सम्बन्धित प्रतिष्ठानहरूको संख्या अपेक्षाभन्दा बढी भेटिनुले बारामा व्यवसायिक गतिविधि बढ्दो क्रममा रहेको देखिएको छ ।

नेपाल सरकारको राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा "अर्थतन्त्र मापनका लागि आर्थिक गणना" भन्ने मूल नारासहित सञ्चालन गरिएको दोस्रो राष्ट्रिय आर्थिक गणना-२०८२ अन्तर्गत देशभर २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म स्थलगत तथ्याङ्क सङ्कलन कार्य भइरहेको छ । यसै कार्यक्रमअन्तर्गत बारा जिल्लामा पनि व्यापक रूपमा गणना अभियान सञ्चालन गरिएको हो ।

गणना कार्यलाई प्रभावकारी बनाउन जिल्लाभर ६६ जना गणक र ९ जना सुपरिवेक्षक परिचालन गरिएको छ । उनीहरूले स्थानीय तह, वडा कार्यालय, उद्योग वाणिज्य संघ तथा अन्य सरोकारवाला निकायसँग समन्वय गर्दै घरदैलो र प्रतिष्ठानमै पुगेर विवरण सङ्कलन गरिरहेका छन् ।

जिल्लाका १६ वटै स्थानीय तहमा रहेका साना, मझौला तथा ठूला उद्योग, व्यापारिक प्रतिष्ठान, सेवा प्रदायक संस्था, वित्तीय कारोबार गर्ने निकाय, कृषि तथा पशुपालनसँग सम्बन्धित

*बाँकी तेश्रो पृष्ठमा*

## खोप सेवामाथि खेलवाड : स्वास्थ्य कार्यालय बाराको गम्भीर लापरवाहीले बालबालिकाको स्वास्थ्य जोखिममा

***कलैया, ०१ असार***

बालबालिकाको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्नुपर्ने जिम्मेवारी बोकेको स्वास्थ्य कार्यालय बारा आफैंले स्वास्थ्य मापदण्डको खुला उल्लंघन गरेको तथ्य सार्वजनिक भएको छ । जिल्लाको स्वास्थ्य प्रशासनको केन्द्र मानिने स्वास्थ्य कार्यालय बाराको भवनभित्रै क्षयरोग (टीबी) संक्रमित बिरामीलाई औषधि वितरण गर्ने र नवजात तथा बालबालिकालाई नियमित खोप सेवा दिने कार्य एउटै कोठाबाट सञ्चालन हुँदै आएको पाइएको हो ।

क्षयरोग जस्तो संक्रामक रोगका बिरामीको नियमित आवतजावत हुने स्थानमा शिशु तथा बालबालिकालाई खोप सेवा प्रदान गरिनु स्वास्थ्य सुरक्षाको दृष्टिले गम्भीर लापरवाही भएको भन्दै अभिभावक तथा स्थानीयवासीले आक्रोश व्यक्त गरेका छन् । संक्रमण नियन्त्रणका सामान्य सिद्धान्तअनुसार पनि संक्रामक रोग सम्बन्धी सेवा र बालस्वास्थ्य सेवा पूर्ण रूपमा अलग स्थानमा सञ्चालन गर्नुपर्ने भए पनि स्वास्थ्य कार्यालय बाराले वर्षौंदेखि यस विषयलाई बेवास्ता गर्दै आएको आरोप लागेको छ ।

अझ विडम्बना त के छ भने, खोप कार्यक्रम बालबालिकाको जीवनरक्षासँग प्रत्यक्ष जोडिएको संवेदनशील सेवा हो। तर त्यही सेवा




सञ्चालन गर्ने स्थानमा टीबीका बिरामीको आवागमन हुने अवस्था रहनु स्वास्थ्य कार्यालयको व्यवस्थापकीय असफलताको स्पष्ट उदाहरण भएको स्थानीयको भनाइ छ।

स्वास्थ्य कार्यालयले जोखिम मूल्याङ्कन, सेवा व्यवस्थापन र स्वास्थ्य सुरक्षाका आधारभूत मापदण्ड लागू गर्नुपर्ने दायित्व बोकेको हुन्छ। तर जिल्लाकै प्रमुख स्वास्थ्य निकायबाट यति गम्भीर कमजोरी हुनु आफैंमा प्रश्नको विषय बनेको छ । स्वास्थ्य सेवा सुधारका नाममा विभिन्न कार्यक्रम सञ्चालन गरिए पनि कार्यालयभित्रै यस्ता अव्यवस्थित र असुरक्षित अभ्यास कायम रहनुले जिम्मेवार अधिकारीहरूको कार्यशैलीमाथि प्रश्न उठाएको छ ।

यस विषयमा प्रतिक्रिया दिँदै स्वास्थ्य शाखा प्रमुख शैलेस मण्डलले समेत एउटै स्थानबाट टीबी औषधि वितरण र खोप सेवा सञ्चालन गर्नु उपयुक्त नभएको स्वीकार गरेका छन्। उनले निकट भविष्यमा खोप सेवालाई छुट्टै स्थानमा सार्ने तयारी भइरहेको बताएका छन् । तर सम्बन्धित अधिकारीले समस्या रहेको स्वीकार गरेपछि अर्को प्रश्न स्वतः उठेको छ–यदि व्यवस्था गलत थियो भने यसलाई सुधार गर्न

*बाँकी तेश्रो पृष्ठमा*

## बोक्सीको आरोपमा ४५ वर्षीय एकल वृद्ध महिलामाथि निर्घात कुटपिट, गम्भीर घाइते

***शु.आ. सम्बाददाता***
***रौतहट, ०१ असार***

रौतहटको यमुनामाई गाउँपालिका-४ सरूअठा गाउँ मा बोक्सीको आरोप लगाउँदै ४५ वर्षीय एकल वृद्ध महिला फुलकुमारी यादवमाथि सामूहिक रूपमा निर्घात कुटपिट गरिएको घटनाले स्थानीय क्षेत्रमा व्यापक आक्रोश र त्रास फैलाएको छ । अन्धविश्वासको आधारमा गरिएको भनिएको उक्त आक्रमणबाट गम्भीर घाइते भएकी यादव हाल उपचाररत रहेकी छन् ।

प्राप्त जानकारी अनुसार, पीडित फुलकुमारी यादवलाई गाउँकै केही व्यक्तिहरूले कुनै ठोस प्रमाण वा आधारबिना बोक्सीको आरोप लगाउँदै ज्यानै जाने गरी कुटपिट गरेका हुन् । आक्रमणबाट उनको शरीरका विभिन्न भागमा गम्भीर चोट लागेको छ । तत्काल उद्धार गरी उनलाई प्रादेशिक अस्पताल गौरमा भर्ना गरिएको छ, जहाँ चिकित्सकको निगरानीमा उपचार भइरहेको परिवारले जनाएको छ ।



पीडितका छोरा चन्दन यादवका अनुसार गाउँकै रामबाबु यादवकी छोरी नेहा कुमारीले करिब सात महिनामै वीरगञ्जस्थित अस्पतालमा शिशु जन्माएकी थिइन् । जन्मिएको शिशुको स्वास्थ्य अवस्था कमजोर भएपछि सघन उपचार कक्ष (ऋऋग) मा राखिएको थियो। सोही घटनालाई आधार बनाएर केही व्यक्तिहरूले अन्धविश्वास फैलाउँदै उनकी आमालाई दोषी देखाउन खोजेका थिए । चन्दन यादवले रामबाबु यादवका छोरा रोहित राय, कपिलदेव राय तथा पाना देवी, मनतोरा कुमारी, आशा कुमारी, निशा कुमारी, मनिष यादव लगायतले योजनाबद्ध रूपमा उनकी आमामाथि आक्रमण गरेको आरोप लगाएका छन् । "मेरो आमालाई कुनै प्रमाणबिना बोक्सी भन्दै कुटपिट गरियो । उहाँमाथि अमानवीय व्यवहार गरियो र ज्यानै जोखिममा पार्ने प्रयास गरियो," उनले दुःख व्यक्त गरे ।

स्थानीयवासीका अनुसार घटनापछि गाउँमा तनावपूर्ण अवस्था सिर्जना भएको छ। महिलामाथि भएको यस प्रकारको हिंसात्मक व्यवहारको चौतर्फी विरोध भइरहेको छ । मानव अधिकारकर्मी तथा सामाजिक अगुवाहरूले समेत दोषीमाथि तत्काल कानुनी कारबाही गरी पीडितलाई न्याय दिलाउन माग गरेका छन् ।

पीडित पक्षले घटनामा संलग्न व्यक्तिहरूमाथि कडा कारबाहीको माग गर्दै प्रहरी प्रशासनमा जाहेरी दिने तयारी गरेको जनाएको छ। घटनापछि पीडित परिवार असुरक्षित महसुस गरिरहेको र दोषी पक्षबाट थप धम्की आउन सक्ने चिन्ता व्यक्त गरिएको छ । नेपालको प्रचलित कानुनअनुसार कसैलाई बोक्सीको आरोप लगाउने, मानसिक तथा शारीरिक यातना दिने, सार्वजनिक रूपमा अपमानित गर्ने वा हिंसा गर्ने कार्य गम्भीर फौजदारी अपराध मानिन्छ । यस्ता घटनामा संलग्न व्यक्तिलाई कानुनी कारबाही तथा

*बाँकी तेश्रो पृष्ठमा*

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# धुलो प्रदुषण नियन्त्रणका लागि माटो ढुवानीमा रोक : जिम्मेवार पहल कि अस्थायी समाधान?

कटहरिया नगरपालिका-४ बहादुरपुर गाउँ हुँदै ट्याक्टरमार्फत हुने माटो ढुवानी रोक्न वडा कार्यालयले अनुरोध गरेको छ । गाउँभित्रको सडक प्रयोग गरी माटो ओसारपसार गर्दा अत्यधिक धुलो उडेर वातावरण प्रदूषित हुनुका साथै स्थानीय बासिन्दाको दैनिक जनजीवन नै प्रभावित भएपछि वडा कार्यालयले यस्तो कदम चालेको हो ।

वडा अध्यक्ष चन्दन कुशवाहाका अनुसार पछिल्लो समय लालबकैया नदी किनारबाट विभिन्न निर्माण तथा भरण कार्यका लागि ट्याक्टरमार्फत माटो ढुवानी तीव्र रुपमा बढेको थियो । लगातारको आवागमनका कारण सडकमा धुलोको मात्रा अत्यधिक बढ्नुका साथै बस्ती आसपासको वातावरण अस्वस्थकर बनेको स्थानीयवासीको गुनासोपछि यो निर्णय गरिएको हो ।

सूचनामा स्थानीयवासीको स्वास्थ्य, स्वच्छ वातावरण र सार्वजनिक हितलाई प्राथमिकतामा राख्दै बहादुरपुर गाउँ भएर माटो ढुवानी नगर्न सम्बन्धित व्यक्ति तथा व्यवसायीलाई आग्रह गरिएको छ । वडा कार्यालयले उक्त सूचनाको अवज्ञा भएमा आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया अघि बढाइने चेतावनीसमेत दिएको छ ।

यसअघि लामो समयदेखि सडकमा जमेको धुलो र हिलोका कारण स्थानीय बासिन्दा समस्यामा परेपछि वडा अध्यक्षको पहलमा स्थानीय युवाहरुले सरसफाइ अभियानसमेत सञ्चालन गरेका थिए । त्यसपछि पुनः त्यस्तै समस्या दोहोरिन नदिन यस्तो निर्णय गरिएको वडा कार्यालयको भनाइ छ ।

स्थानीय तहको यो कदमलाई वातावरण संरक्षण र जनस्वास्थ्यप्रति जिम्मेवार पहलका रुपमा हेरिए पनि दीर्घकालीन समाधानका लागि वैकल्पिक ढुवानी मार्ग, नियमित सडक व्यवस्थापन र निर्माण गतिविधिमा कडाइ आवश्यक रहेको स्थानीयवासीको धारणा छ ।

# रास्वपा पनि पुरानैको बाटोमा



जे. पाण्डे

नेपालगन्ज : ३७ वर्ष भयो, पञ्चायती व्यवस्था ढलेको । राजतन्त्र पतन भएको पनि २१ वर्ष भयो । यति लामो राजनीतिक विरासत बोकेको व्यवस्था, संस्था र त्यसका समर्थकहरू धराशायी भए भने अरू राजनीतिक पार्टीका नहोलान् भन्न सकिन्न । पछिल्लो समय नेका, एमाले र माओवादीको हविगत त ताजै छ। उदाएलगत्तै जिल्लादेखि प्रदेशस्तरका अधिवेशनमा होमिएको राष्ट्रिय स्वतन्त्र पार्टीले यो तथ्यलाई बुझ्न सकेन भने उसको भविष्य पनि लामो नहुन सक्छ । किनभने सरकार गठन भएदेखि हालसम्मको विश्लेषण गर्दा यो पार्टी पनि पुराना दल हिँडेकै पथमा हिँड्न खोजेको देखिन्छ ।

२०४८ सालपछिको मुलुकको संसदीय राजनीतिक यात्रालाई नियाल्दा राजनीतिमा देखिएको उतार-चढाव केवल निर्वाचन परिणामको परिवर्तन मात्र होइन, दलहरूको चरित्र, नेतृत्व, विचारधारा, राज्य संरचना र जनअपेक्षाबीचको द्वन्द्वको परिणाम पनि हो। जुन अहिलेको प्रमुख सत्तारूढ दल र सरकारले अपनाउन खोजेको पाइन्छ। त्यो हो पुरानै दलमा जिन्दगी बिताएका चरम अवसरवादीहरूको धमाधम रास्वपामा प्रवेश । उसले यतिबेला उनीहरूलाई रातो तुल ओछ्याउँदै छ । डाक्टरदेखि व्यापारीसम्म प्रवेश गराइरहेको छ । उनीहरू पहिले पुरानै दलमा थिए, रातारात नयाँ बन्ने ध्याउन्नमा रास्वपामा भित्रिरहेका छन् । मुलुकको राजनीतिमा लगातार उतारचढाव हुनुको कारणहरूमध्ये यो पनि प्रमुख कारक हो । जुन बाटो कांग्रेस एमाले र माओवादीले पनि अपनाएका थिए। यस्तै प्रवृत्तिका कारण लोकतन्त्र आयो, तर दलहरूको चरित्र छिट्टै बदलियो । २०४६ सालको जनआन्दोलनपछि जनता लोकतन्त्रप्रति अत्यन्त आशावादी थिए। त्यसको परिणामस्वरूप २०४८ सालको निर्वाचनमा नेपाली कांग्रेसले बहुमत पनि पायो। तर कांग्रेसभित्र दुई धार देखिए । आन्दोलन र सिद्धान्तबाट आएका पुराना नेता अनि पञ्चायतकालदेखि नै नै अवसर खोज्दै आएको नयाँ समूह। त्यसैकारण उनीहरू भित्र गुटबन्दी बढायो। सरकारभन्दा पार्टीभित्रको शक्ति संघर्ष ठूलो बन्न थाल्यो। फलस्वरूप नागरिकमा निराशा बढ्दै गयो। यसको फाइदा एमालेले लियो र २०५१ मा पहिलो शक्ति बन्यो। त्यसपछि एमालेमा पनि विचारधाराभन्दा सत्ता केन्द्रित राजनीति हावी भयो । २०४८ देखि २०६२ सम्म कांग्रेस र एमाले दुवैमा एउटा समान समस्या देखियो। खासगरी समाज परिवर्तनभन्दा सत्ता र शक्तिको संघर्ष । नीति र कार्यक्रमभन्दा गठबन्धन र समीकरणमा व्यस्त हुन पुगे। विचारधारा कमजोर हुँदै गयो । मतदाताले कांग्रेसलाई सजाय दिन एमालेलाई रोजे। फेरि एमालेप्रति असन्तुष्ट भएपछि कांग्रेसलाई रोजे। यसले राजनीतिमा स्थायी मतदाताभन्दा असन्तुष्ट मतदाता बढी रहेको देखाउँछ ।

राजनीतिक विश्लेषक नरेन्द्रजंग पिटर भन्छन्, हरेक पतनशील शक्तिहरूले नयाँ शक्तिलाई आधार तयार गराइरहेका हुन्छन् । जस्तै, कांग्रेस, एमाले र माओवादीले २० वर्षका बीचमा जे जे कमजोरी गरे, अपराध गरे र रणनीतिक भूल गरे । त्यहीँ कतिपय अपराध एवं भूलहरूका कारण जस्तै सत्ताको केन्द्रीकरण र भ्रष्टाचार गरे। आफूलाई नै सर्वसत्तावादी ठाने। त्यसैले उनीहरूलाई धराशायी तुल्यायो।' यसबाहेक त्यो बेला संसद् विघटन र राजसंस्थासँगको टकराव पनि राजनीतिक अस्थिरताको अर्को कारण बन्यो। यसपटक राजसंस्था नभए पनि सिंहदरबारको शक्तिलाई धुमाउने अर्थात् कुनै पनि बेला चलाउन सक्ने सैन्य शक्ति छँदैछ। प्रचण्डको पतन सेनाले नै गरिदिएको उदाहरण सबै सामु छ।

'कांग्रेस, एमाले र माओवादीमा सत्ता सिंहदरबारमा जानेबित्तिकै हामीले नै नेतृत्व गर्न सक्छौं भन्ने भ्रम भयो । भ्रमित सोंचमा रहे । वास्तविक सत्ता त सेना, अदालत र पशुपतिमा हुन्छ। यहीँ भ्रममा बालेन सरकार पनि पर्दैछ। दुई तिहाइको बहुमत छ भनेर विधि नै ध्वस्त गर्न लागेको देखिन्छ। जुन गल्ती पुराना दलले गरे, त्यहीँ गल्ती दोहोऱ्याउँदै छन्' नयाँले पनि पुरानो मार्ग पछ्याउन थालेको संकेत गर्छन्। २०५१ देखि २०५९ को अवधिमा कुनै पनि सरकार स्थिर हुन सकेन। लगातार सरकार परिवर्तन भइरहे । अविश्वास प्रस्ताव, संसद् विघटन, मध्यावधि चुनाव भए । यसले लोकतान्त्रिक संस्थाहरू बलियो हुन पाएनन्। अन्ततः राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासनको बाटो रोजे । जसले २०६२/०६३ को आन्दोलन जन्मायो। माओवादी युद्धले राजनीतिक शक्ति सन्तुलन नै बदलिदिएको थियो। २०५२ सालमा सुरु भएको जनयुद्ध नेपालको राजनीतिमा सबैभन्दा ठूलो मोड ल्यायो। माओवादीले उठाएका मुद्दाहरूमध्ये सामाजिक विभेद, वर्गीय असमानता, राज्यको केन्द्रीकरण र समावेशिता यी मुद्दाले ग्रामीण क्षेत्रमा ठूलो समर्थन प्राप्त गरेयो । २०६४ को पहिलो संविधानसभा निर्वाचनमा माओवादी २२० सिटसहित पहिलो दल बन्यो। यो परिणामले पुराना दलहरूलाई ठूलो झट्का दियो। जुन अहिले रास्वपाले दिएको छ ।

तर संविधानसभाको असफलता र नागरिकमा निराशा पनि छँदै थियो । पलस्वरूप २०६४ मा संविधान बनाउन ठूलो जनादेश दिए। तर दलगत स्वार्थ सत्ता बाँडफाँट, संघीयता विवाद, शासन प्रणालीको विवादका कारण पहिलो संविधानसभा संविधान नबनाई विघटन भयो।

अनि यसले जनतामा माओवादीप्रति तीव्र निराशा बढायो। फलस्वरूप २०७० मा माओवादी २२० बाट ८० सिटमा खुम्चिन पुग्यो। यो नै नेपालको निर्वाचन इतिहासकै सबैभन्दा ठूलो राजनीतिक गिरावटमध्ये एक हो।

आफू कमजोर हुँदै र मतदाताले अविश्वास गर्न थालेको छनक पाएका एमाले-माओवादी गठबन्धनको उदय र विघटन पनि देखियो । २०७४ को निर्वाचनमा एमाले र माओवादीले 'वाम एकता'को नारा दिए। नागरिकको अपेक्षा थियो स्थिर सरकारका साथै विकास र भ्रष्टाचार नियन्त्रण । यो आशामा रहेका मतदाताले वाम गठबन्धनलाई करिब दुईतिहाइ जनादेश दिलाए । तर समस्या फेरि उही देखियो । नेतृत्व संघर्ष, शक्ति बाँडफाँटको विवाद र व्यक्तिकेन्द्रित राजनीति । अन्तत ओली र प्रचण्डबीचको द्वन्द्वले नेकपा विभाजन भयो। जनताले स्थिरताका लागि दिएको जनादेश दलहरूले टिकाउन सकेनन्। यसले पुराना दलप्रति बढ्दो असन्तोष चरमचुलीमा पुग्यो । २०७९ सम्म आइपुग्दा मतदातामा एउटा धारणा बलियो बन्यो त्यो हो 'दल फेरिए, नेता फेरिए, तर शासनशैली फेरिएन ।' शासनशैली नफेरिनुको मुख्य कारण दलहरूभित्र अवसरवादीहरूको घुसपैठ र नियन्त्रण हुनु हो ।

अन्ततः यी दलहरू माथि भ्रष्टाचार, नातावाद, अवसरवाद विकासको सुस्त गति, बेरोजगारी र युवा पलायन आरोप लाग्यो। किनकि यतिबेलासम्म कांग्रेस, एमाले र माओवादी सबैले सरकार चलाइसकेका थिए। त्यसैले जनताले वैकल्पिक शक्ति खोज्न थाले। यसै क्रममा राष्ट्रिय स्वतन्त्र पार्टीको उदय भयो । २०७९ को निर्वाचनको सबैभन्दा ठूलो राजनीतिक सन्देश यही थियो।

रास्वपाको उदयले देखायो जनता नयाँ अनुहार खोजिरहेका छन् । पुराना दलप्रति विश्वास घटेको छ । युवा मतदाता वैकल्पिक राजनीतितर्फ आकर्षित भएका छन् । पहिलो निर्वाचनमै २० सिट जित्नु सामान्य घटना होइन। यो कांग्रेस, एमाले र माओवादीप्रतिको प्रत्यक्ष असन्तोषको राजनीतिक अभिव्यक्ति थियो।

एमाले र माओवादीको कमजोर हुँदै गएको संगठनात्मक एकता एमालेभित्र नेतृत्व केन्द्रित संरचना, आन्तरिक लोकतन्त्रको प्रश्नका कारण विभाजन भयो र नेकपा (एकीकृत समाजवादी) जन्मियो। अहिले रास्वपामा पनि आन्तरिक लोकतन्त्र माथि लगमा लगाउने ढंगले शीर्ष नेताहरूले नै दिने गरेको पाइन्छ। अहिले सरकारको सय दिन नपुग्दै भित्र उस्तै प्रवृत्तिको चलखेल हुन थालेको देखिएको छ । प्रतिशोधको राजनीतिले अस्थिरताको उदय गराउन मद्दत गर्छ। जुन 'नयाँ पार्टीका नेताहरू' भित्र देखिन थालेको छ। जसरी माओवादीको युद्धकालीन ऊर्जा र क्रान्तिकारी एजेन्डा केही वर्षमै धराशायी भयो। नेतृत्व परिवर्तन हुन सकेन । त्यसैले माओवादी २२० सिटबाट ३२ सिटमा सीमित हुन पुग्यो। त्यही शैलीले नयाँहरूलाई पनि थोत्राहरूको डब्बामा पुऱ्याउन नसक्ला भन्न सकिन्न ।

कतिपय जिल्ला र प्रदेशस्तरीय अधिवेशनहरूमा भएका मारामारीले विचारधाराभन्दा गुटको राजनीति हाबी हुन थालेको संकेत गर्छ। राजनीतिक इतिहासलाई हेर्दा मतदाताले कुनै पनि दललाई स्थायी रूपमा अस्वीकार गरेका छैनन् र स्वीकार पनि गरेका छैनन्। मतदातादले पटक-पटक नयाँ अवसर दिएका छन् । तर दलहरूले त्यो विश्वासलाई दीर्घकालीन रूपमा जोगाउन सकेका छैनन्। बारम्बार नयाँ आशा, निराशा र पुनः नयाँ विकल्पको खोजीमा मदताता देखिएका छन । यस्तो बेलमा सरकार र रास्वपाले पुराना दलले अपनाउँदै आएको प्रवृत्तिबाट जोगिन र पन्छिन सक्नु पर्छ। अन्यथा कुनै पनि बेला सत्ताको बागडोर चुडिन सक्छ ।

२०६४ पछि सरकारको नेतृत्व गर्ने प्रमुख दलहरू

२०६५ मा पहिलोपटक पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा सरकार फेरि डा. बाबुराम भट्टराई (२०६८) र प्रचण्डकै नेतृत्वमा दोस्रो (२०७३) र तेस्रोपटक (२०७९) सरकारको नेतृत्व गऱ्यो।

एमालेबाट माधवकुमार नेपाल (२०६६), झलनाथ खनाल (२०६७) र केपी शर्मा ओलीले तीनपटक (२०७२, २०७४ र २०८१) कांग्रेसको तर्फबाट सुशील कोइराला (२०७०) र शेरबहादुर देउवाले दुईपटक (२०७४ र २०७८) सरकारको नेतृत्व । पछिल्लो समय २०८२ चैतदेखि वालेन्द्र शाहको नेतृत्वमा सरकार गठन भएको छ।


## जनहितमा जारी जरुरी सूचना

सडक हामी सबैको साझा सम्पत्ती हो। यो सम्पत्तीको प्रयोग गर्ने अधिकार हामी सबैको रहेको छ । अनि सडक, पुल, झोलुंगे पुल जस्ता भौतिक पूर्वाधारका संरचनाहरूको संरक्षण गर्नु पनि हामी सबैको दायित्व हो । करोडौको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत संभारले धेरै समयसम्म टिकाउ र प्रयोगयोग्य रहनेछ । तपाई हाम्रै सानो सहयोग, मेहनत, प्रयास र सुचनाले महत्वपूर्ण भुमिका खेल्नेछ । त्यसैले,


- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण सामाग्री/ब्यापारिक सामाग्री सडक तथा फुटपाथमा नराखौं ।
- घर, पसल, सवारीसाधनबाट निस्कने फोहोरमैला नालीमा नफालौं ।
- नालीलाई बिभिन्न निर्माणका समयमा नपुरिने गरी निर्माण कार्य गरौं । वा पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी ब्यवस्था गरौं र कार्य सकिए लगत्तै नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने, पखाल्ने काम नगरौं ।
- सानातिना पहिरो तथा अन्य कारणले नाली अवरुद्ध भएमा नालीको प्रवाहको लागि हामीले प्रयास गरौं र खेतबारीका कुलो, खानेपानीका पाइपहरू, सडक, नाली, कल्भर्टबाट प्रयोग नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक तथा संरचनाहरू अवरुद्ध भएमा, क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।

पूर्वाधार विकास कार्यालय, बारा


समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# चीन-म्यान्मा सम्बन्धमा नयाँ कूटनीतिक पहल




***एजेन्सी-*** व्यापार तथा रणनीतिक सम्बन्धलाई प्रवर्द्धन गर्ने उद्देश्यसहित म्यान्माका राष्ट्रपति मिन आङ ह्लाइङ सोमबार चीन आइपुगेका छन्। उनको यो भ्रमण चीनका राष्ट्रपति सी जिनपिङसँगको उच्चस्तरीय वार्तासहित द्विपक्षीय सहयोग विस्तार गर्ने केन्द्रित रहेको बताइएको छ।

अप्रिलमा नागरिक राष्ट्रपतिको पदभार सम्हालेपछि यो उनको दोस्रो विदेश भ्रमण हो । यसअघि उनी भारत भ्रमणमा गएका थिए । सन् २०२१ को सैन्य कूले आङ सान सुकीको निर्वाचित सरकारलाई हटाएपछि म्यान्मा लामो समयदेखि कूटनीतिक रूपमा टाढिँदै आएको छ ।

म्यान्माका सञ्चारमाध्यमहरूले सार्वजनिक गरेका तस्बिरहरूमा राष्ट्रपति मिन आङ ह्लाइङ बेइजिङ प्रस्थानका क्रममा विमानमा चढ्दै हात हल्लाइरहेको देखाइएको छ। चिनियाँ राज्य सञ्चारमाध्यमले उनको आगमनको औपचारिक जानकारी दिँदै भ्रमणलाई उच्च प्राथमिकताका साथ प्रस्तुत गरेको छ ।

यस भ्रमणका क्रममा उनले राष्ट्रपति सी जिनपिङसँगै चिनियाँ प्रधानमन्त्री ली किआङ र राष्ट्रिय विधायिका प्रमुख झाओ लेजीसँग पनि भेटवार्ता गर्ने कार्यक्रम रहेको चीनको विदेश मन्त्रालयले जनाएको छ। यो भ्रमण शुक्रबारसम्म चल्नेछ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानका अनुसार चीनले यो भ्रमणलाई म्यान्मासँगको मैत्री सम्बन्ध पुनः सुदृढ गर्न र 'व्यापक रणनीतिक सहकार्य' विस्तार गर्ने अवसरका रूपमा लिएको छ । उनका अनुसार दुवै देशबीच आर्थिक, राजनीतिक तथा विकास-सहयोगका क्षेत्रलाई थप मजबुत बनाउने लक्ष्य रहेको छ।

म्यान्माका राष्ट्रपतिले भ्रमणका क्रममा चीनका उच्च प्रविधि उद्योगहरूको अवलोकन गर्ने तथा एक आर्थिक सम्मेलनमा सहभागी हुने कार्यक्रम पनि तय भएको म्यान्माको राज्य सञ्चारमाध्यमले जनाएको छ।

यसैबीच, म्यान्मा-चीन सम्बन्धमा ध्यान खिच्ने गरी एक अमेरिकी नागरिकको पक्राउले पनि चर्चा पाएको छ। म्यान्मा केन्द्रित अनुसन्धान गर्ने एक थिंक ट्यांकका संस्थापक मिन जिनलाई चीनमा 'जासुसी गतिविधिमा संलग्न भएको आशंकामा' हिरासतमा राखिएको चिनियाँ विदेश मन्त्रालयले जनाएको छ।

चिनियाँ प्रवक्ता लिनका अनुसार उनीमाथि राष्ट्रिय सुरक्षालाई जोखिममा पार्ने गतिविधिमा संलग्न भएको आरोपमा कानूनी प्रक्रिया अघि बढाइएको छ । सम्बन्धित थिंक ट्यांकले म्यान्माको राजनीतिक अवस्था, स्रोत साधन र द्वन्द्वगत परिस्थितिबारे अनुसन्धान गर्दै आएको थियो ।

सन् २०२१ को सैन्य कूपछि म्यान्मामा सशस्त्र सेना र विभिन्न विद्रोही समूहबीच निरन्तर द्वन्द्व जारी छ । चीनसँग करिब दुई हजार १०० किलोमिटर लामो सीमा साझा गर्ने म्यान्मामा राजनीतिक अस्थिरताले बेइजिङलाई सुरक्षा र क्षेत्रीय स्थिरताबारे चासो बढाएको छ ।

चीनले यसअघि नै म्यान्माका सशस्त्र समूहहरूबीच नियन्त्रण कायम गर्न प्रयास गर्दै आएको छ भने हालै सम्पन्न राजनीतिक प्रक्रियालाई पनि समर्थन जनाएको थियो, जसले सैन्य समर्थक समूहहरूलाई चुनावी लाभ दिलाएको थियो ।

विदेशमन्त्री वाङ यीले यस वर्ष अप्रिलमा नेपिडोमा भएको भेटमा म्यान्माको सार्वभौमिकता र राष्ट्रिय सुरक्षाको संरक्षणमा चीन दृढ साथमा रहने प्रतिबद्धता व्यक्त गरे ।

सशस्त्र सेना प्रमुखको रूपमा पाँच वर्ष शासन गरेपछि मिन आङ ह्लाइङले यसै वर्ष अप्रिलमा नागरिक राष्ट्रपतिको रूपमा शपथ लिएका थिए। तर अन्तर्राष्ट्रिय विश्लेषकहरूले यसलाई सैन्य शासनको स्वरूप परिवर्तन मात्र भएको भन्दै आलोचना गर्दै आएका छन् ।

## निजगढ............

विज्ञहरूको भनाइ छ। यस प्रकारको अभ्यासले खर्चको वास्तविक प्रकृति लुकाउने, बजेट नियन्त्रण प्रणालीलाई निष्प्रभावी बनाउने तथा भविष्यमा आर्थिक दुरुपयोगलाई प्रोत्साहन गर्ने जोखिम बढाउँछ ।

महालेखा परीक्षकको कार्यालयले यस्ता खर्चहरूलाई नियमसंगत बनाउन आवश्यक प्रमाण, आधार र कानुनी औचित्य पेश गर्न नगरपालिकालाई निर्देशन दिएको छ। तर खर्च नै गलत शीर्षकबाट भएको अवस्थामा त्यसलाई पछि मिलान गर्ने प्रयासले वित्तीय उत्तरदायित्वको प्रश्नबाट उन्मुक्ति नदिने जानकारहरू बताउँछन् ।

नगर नेतृत्व र प्रशासनमाथि प्रश्न

नगरपालिकाले आर्थिक वर्षभरि खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृत, लेखा शाखा र नगर नेतृत्वको प्रत्यक्ष जिम्मेवारी रहने व्यवस्था छ । यस्तो अवस्थामा लाखौँ रुपैयाँ फरक शीर्षकबाट खर्च हुँदा सम्बन्धित पदाधिकारीहरूको निगरानी र नियन्त्रण प्रणाली कति कमजोर थियो भन्ने प्रश्न उठेको छ ।

स्थानीय तहमा विकास निर्माण, सेवा प्रवाह र जनउत्तरदायित्वको कुरा गर्ने नगरपालिकाले आफ्नै वित्तीय अनुशासन पालना गर्न नसक्नु चिन्ताजनक विषय भएको सरोकारवालाहरूको भनाइ छ । महालेखाले औँल्याएका यी अनियमितता केवल प्राविधिक कमजोरी मात्र नभई सार्वजनिक स्रोतको व्यवस्थापनमा देखिएको लापरवाहीको संकेत भएको टिप्पणी हुन थालेको छ ।

सुधारको चुनौती

महालेखा प्रतिवेदनले देखाएका कमजोरीहरू समयमै सुधार नगरे नगरपालिकाको वित्तीय विश्वसनीयता थप कमजोर बन्ने देखिन्छ । सार्वजनिक रकमको खर्चमा पारदर्शिता, शीर्षकगत अनुशासन र कानुनी प्रक्रियाको पूर्ण पालना सुनिश्चित गर्न नगर नेतृत्वले तत्काल सुधारात्मक कदम चाल्नुपर्ने आवश्यकता देखिएको छ।

नत्र हरेक वर्ष दोहोरिँदै आएका यस्ता बेरुजु र अनियमितताले स्थानीय सरकारप्रति नागरिकको विश्वास कमजोर बनाउने मात्र होइन, सुशासनको आधारभूत मान्यतामाथि समेत गम्भीर आघात पुऱ्याउने निश्चित छ ।

## गणना............

व्यावसायिक प्रतिष्ठान लगायतका आर्थिक गतिविधिहरूको विवरण समेटिएको कार्यालयले जनाएको छ। जिल्ला आर्थिक गणना अधिकारी दासले स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, उद्योग वाणिज्य संघ, व्यवसायी तथा अन्य सरोकारवालाको सक्रिय सहयोगका कारण गणना कार्य सहज र प्रभावकारी रूपमा अघि बढिरहेको बताउनुभयो । उहाँका अनुसार तोकिएको समयभित्र गुणस्तरीय र विश्वसनीय तथ्याङ्क सङ्कलन सम्पन्न गर्ने लक्ष्यअनुसार काम भइरहेको छ। आर्थिक गणनाबाट प्राप्त हुने तथ्याङ्कले मुलुकका आर्थिक प्रतिष्ठानहरूको वास्तविक अवस्था, रोजगारी सिर्जना, लगानीको प्रकृति, व्यवसायको स्वरूप तथा समग्र आर्थिक योगदानको यथार्थ चित्र प्रस्तुत गर्ने अपेक्षा गरिएको छ । यस्ता तथ्याङ्क संघीय, प्रदेश तथा स्थानीय सरकारका लागि नीति निर्माण, विकास योजना तर्जुमा, लगानी प्रवर्द्धन तथा आर्थिक विकाससम्बन्धी कार्यक्रम निर्माणमा महत्वपूर्ण आधार बन्ने राष्ट्रिय तथ्याङ्क कार्यालयको विश्वास छ । बारामा लक्ष्यभन्दा बढी प्रतिष्ठानको अभिलेखीकरण हुनुले जिल्लाको आर्थिक गतिविधि विस्तार हुँदै गएको संकेत गरेको छ । यसले स्थानीय अर्थतन्त्रको आकार, व्यवसायिक सम्भावना तथा रोजगारीको अवस्थाबारे थप स्पष्ट तथ्य प्रस्तुत गर्ने अपेक्षा गरिएको छ । जिल्ला आर्थिक गणना कार्यालयले गणनामा छुटेका व्यवसाय तथा प्रतिष्ठानलाई समेत गणनाकर्मीसमक्ष आवश्यक विवरण उपलब्ध गराई सहयोग गर्न आग्रह गरेको छ । गणनाको अन्तिम प्रतिवेदन सार्वजनिक भएपछि बारा जिल्लाको आर्थिक संरचना, व्यावसायिक प्रवृत्ति, रोजगारी अवस्था तथा लगानीको अवस्थाबारे विस्तृत र आधिकारिक तथ्याङ्क सार्वजनिक हुने जनाइएको छ।

## खोप............

वर्षौंदेखि किन पहल गरिएन ?

स्वास्थ्य कार्यालय बाराले समयमै व्यवस्थापन गर्न नसक्दा सयौं बालबालिका र अभिभावकहरू जोखिमयुक्त वातावरणमा सेवा लिन बाध्य भएको देखिन्छ । जिम्मेवार निकायले कमजोरी स्वीकार मात्र गरेर उम्किन नमिल्ने स्थानीयको भनाइ छ । उनीहरूका अनुसार समस्या थाहा हुँदाहुँदै पनि समाधानका लागि कुनै ठोस कदम नचालिनु प्रशासनिक लापरवाही र गैरजिम्मेवारीको उदाहरण हो । स्वास्थ्य क्षेत्रका जानकारहरूका अनुसार क्षयरोग मुख्यतः हावाबाट सर्ने रोग भएकाले संक्रमित व्यक्तिको नियमित आवागमन हुने स्थानमा बालबालिकाको स्वास्थ्य सेवा सञ्चालन गर्नु उपयुक्त मानिँदैन । विशेषगरी नवजात तथा कम उमेरका बालबालिका संक्रमणप्रति बढी संवेदनशील हुने भएकाले यस्ता सेवालाई पूर्ण रूपमा अलग र सुरक्षित वातावरणमा सञ्चालन गर्नुपर्ने उनीहरूको सुझाव छ।

स्वास्थ्य कार्यालय बाराले जिल्लाभर स्वास्थ्य सुरक्षाका मापदण्ड लागू गराउने, अनुगमन गर्ने र स्थानीय तहलाई निर्देशन दिने भूमिका निर्वाह गर्नुपर्ने हो । तर आफैंले आधारभूत मापदण्ड पालना नगर्दा कार्यालयको विश्वसनीयतामाथि नै प्रश्नचिह्न खडा भएको छ । स्थानीयवासी तथा अभिभावकहरूले स्वास्थ्य कार्यालय बारासँग तत्काल खोप सेवालाई छुट्टै, सुरक्षित र बालमैत्री स्थानमा स्थानान्तरण गर्न माग गरेका छन् । साथै बालबालिकाको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित यति संवेदनशील विषयमा भएको लापरवाहीबारे जिम्मेवार अधिकारीलाई जवाफदेही बनाइनुपर्ने उनीहरूको माग छ।

जिल्लाको स्वास्थ्य प्रशासनको नेतृत्व गर्ने निकायबाटै यस्तो कमजोरी दोहोरिनु दुर्भाग्यपूर्ण भएको भन्दै सरोकारवालाहरूले स्वास्थ्य कार्यालय बाराले अब बहाना होइन, तत्काल सुधारात्मक कदम चालेर आफ्नो जिम्मेवारी प्रमाणित गर्नुपर्ने बताएका छन् ।

## बोक्सीको........

कैद सजायको व्यवस्था रहेको छ । तर कानुनी व्यवस्था हुँदाहुँदै पनि ग्रामीण क्षेत्रमा अन्धविश्वासका कारण महिलामाथि हुने हिंसा र उत्पीडनका घटना अझै दोहोरिनु गम्भीर चिन्ताको विषय बनेको छ । प्रहरी स्रोतका अनुसार घटनाबारे प्रारम्भिक जानकारी संकलन भइरहेको छ। पीडित पक्षबाट औपचारिक जाहेरी प्राप्त भएपछि घटनाको विस्तृत अनुसन्धान गरी दोषीमाथि कानुनबमोजिम आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइने जनाएको छ। यस घटनाले समाजमा अझै विद्यमान अन्धविश्वास, महिला हिंसा तथा सामाजिक विभेदको यथार्थ चित्र उजागर गरेको छ । स्थानीय सरोकारवाला निकाय, जनप्रतिनिधि तथा मानव अधिकार संस्थाहरूले यस्ता अमानवीय गतिविधि अन्त्य गर्न जनचेतना अभिवृद्धिसँगै कानुनी कार्यान्वयनलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याएका छन्।




**जनहितमा जारी सन्देश**

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो। त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् । कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

**सुवर्ण गाउँपालिका**
**कवहीगोठ, बारा**







**व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

**फेटा गाउँपालिका, फेटा, बारा**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौं । फतुवा बिजयपुर नगरपालिका, रौतहट

# वडा अध्यक्ष चौलागाईको सक्रियतामा गुजरा-४ मा विकासको लहर

***रुपेश यादव***
***रौतहट, ०१ असार***



रौतहटको गुजरा नगरपालिका-४ मा वडा अध्यक्ष झमक प्रसाद चौलागाईको सक्रिय पहलमा पूर्वाधार विकासका विभिन्न योजनाहरू एकसाथ सञ्चालनमा आएका छन् । सडक स्तरोन्नति, ढलान तथा नाला निर्माणका काम तीव्र गतिमा अघि बढेसँगै वडावासीमा विकासप्रति नयाँ आशा जागेको छ ।

वर्षौंदेखि जीर्ण सडक, वर्षायाममा हिलो र आवतजावतको समस्याले हैरान स्थानीय बासिन्दाले अहिले विकास निर्माणका काम प्रत्यक्ष रूपमा देख्न पाएका छन् । वडा कार्यालय तथा मधेश प्रदेश सरकारको समन्वयमा सञ्चालन भइरहेका योजनाले वडाको भौतिक संरचनामा उल्लेखनीय परिवर्तन ल्याउने अपेक्षा गरिएको छ । वडा अध्यक्ष चौलागाईका अनुसार कनकपुरदेखि लक्ष्मीपुर जोड्ने कृषि सडकमा मधेश प्रदेश सरकारको २० लाख रुपैयाँको लागतमा ग्रेभल कार्य भइरहेको छ ।

करिब तीन किलोमिटर लामो उक्त सडक ग्रामीण भेगका किसानका लागि जीवनरेखा मानिन्छ । सडक स्तरोन्नतिसँगै कृषि उत्पादन बजारसम्म पुऱ्याउन सहज हुने र स्थानीयको आवागमनमा समेत ठूलो सुधार आउने विश्वास गरिएको छ ।

त्यसैगरी वडा बजेटबाट करिब ९ लाख रुपैयाँको लागतमा सुखन चौधरीको घरदेखि रामलाल चौधरीको घरसम्म ५६ मिटर पीसीसी ढलान तथा नाला निर्माण कार्य सञ्चालनमा रहेको छ। यस योजनाले वर्षायाममा हुने जलजमाव र सडक क्षतिको समस्या समाधान गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ।

धार्मिक महत्व बोकेको गढिमाई मन्दिर जाने सडक पनि अहिले निर्माणाधीन अवस्थामा छ। मधेश प्रदेश सरकारको २० लाख रुपैयाँको बजेटमा उक्त सडकमा ढलान निर्माण भइरहेको छ। सडक स्तरोन्नतिपछि गढिमाई मन्दिर पुग्ने श्रद्धालु, पर्यटक तथा स्थानीयवासीलाई सहजता हुने जनाइएको छ।

त्यस्तै नहर टोलमा ७ लाख रुपैयाँको लागतमा करिब ८० मिटर सडक ढलान निर्माण कार्य पनि भइरहेको छ । वडाका विभिन्न बस्तीमा आवश्यकताका आधारमा पूर्वाधार विकासलाई प्राथमिकता दिइएको वडा कार्यालयले जनाएको छ।

वडा अध्यक्ष चौलागाईले पोखरभिण्डा क्षेत्रमा समेत थप विकास योजना ल्याउने तयारी भइरहेको जानकारी दिँदै वडाको कुनै पनि बस्ती विकासबाट वञ्चित नहुने बताए । "हाम्रो प्राथमिकता नागरिकको आधारभूत आवश्यकता पूरा गर्नु हो । सडक, नाला, खानेपानी तथा अन्य पूर्वाधार निर्माणलाई निरन्तरता दिइरहेका छौं," उनले भने।

स्थानीय बासिन्दा शेष हसमुलाले विकास निर्माणका कामले जनजीवनमा सकारात्मक परिवर्तन ल्याउन थालेको बताए । "पहिले वर्षायाममा सडक हिलो भएर हिँड्नै मुस्किल हुन्थ्यो । अहिले ढलान भएपछि आवतजावत निकै सहज भएको छ," उनले खुशी व्यक्त गरे ।

स्थानीयवासीका अनुसार पछिल्लो समय वडा कार्यालयले विकास निर्माणका कामलाई प्राथमिकताका साथ अघि बढाएको छ । योजनाहरू समयमै सम्पन्न भए गुजरा-४ को भौतिक पूर्वाधारमा उल्लेखनीय सुधार आउने र स्थानीयको जीवनस्तर उकास्न मद्दत पुग्ने विश्वास गरिएको छ ।

वडा अध्यक्ष चौलागाईले प्रदेश सरकार र स्थानीय तहबीचको सहकार्यलाई थप प्रभावकारी बनाउँदै आगामी दिनमा पनि वडाको समग्र विकासका लागि निरन्तर काम गरिने प्रतिबद्धता व्यक्त गरेका छन् । विकास निर्माणका योजनाहरूले गति लिएसँगै गुजरा-४ अहिले पूर्वाधार विकासको नयाँ चरणमा प्रवेश गरेको स्थानीयवासीको भनाइ छ ।

# मधेश प्रदेशको ४१ अर्बभन्दा बढीको बजेट सार्वजनिक

## कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासलाई उच्च प्राथमिकता

***जनकपुरधाम, ०१ असार***



मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ । प्रदेश सरकारको दोस्रो कार्यकालअन्तर्गत प्रस्तुत गरिएको यो बजेटमा कृषि उत्पादन वृद्धि, शिक्षा सुधार, स्वास्थ्य सेवा विस्तार, पूर्वाधार निर्माण तथा वन क्षेत्रको संरक्षणलाई प्रमुख प्राथमिकतामा राखिएको छ ।

प्रदेश सभाको सोमबार बसेको बैठकमा अर्थमन्त्री युवराज भट्टराईले बजेट प्रस्तुत गर्दै कुल विनियोजनमध्ये १४ अर्ब ६६ करोड ३२ लाख २९ हजार रुपैयाँ चालु खर्चका लागि र २६ अर्ब ४७ करोड ५३ लाख ७१ हजार रुपैयाँ पुँजीगत खर्चका लागि छुट्याइएको जानकारी दिए ।

सरकारले विकास निर्माणका कार्यक्रमलाई प्राथमिकतामा राखेकाले कुल बजेटको ६४.३५ प्रतिशत हिस्सा पुँजीगततर्फ विनियोजन गरेको छ भने चालु खर्चको हिस्सा ३५.६४ प्रतिशत रहेको छ । प्रदेश सरकारले आर्थिक विकास र उत्पादनमुखी क्षेत्रलाई केन्द्रमा राखेर बजेट निर्माण गरिएको जनाएको छ ।

बजेटको स्रोत व्यवस्थापनतर्फ प्रदेश सरकारले आन्तरिक राजश्व तथा अन्य आन्तरिक स्रोतबाट ११ अर्ब २२ करोड ७५ लाख रुपैयाँ जुटाउने लक्ष्य लिएको छ। त्यस्तै संघीय सरकारबाट राजश्व बाँडफाँटमार्फत १२ अर्ब ८३ करोड रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ ।

संघीय सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका वित्तीय अनुदानमार्फत ९ अर्ब ४९ करोड ५९ लाख रुपैयाँ प्राप्त हुने अपेक्षा गरिएको छ। यसबाहेक चालु आर्थिक वर्षको बाँकी नगद मौज्दातबाट ६ अर्ब ८ करोड ५२ लाख रुपैयाँ तथा आन्तरिक ऋणमार्फत १ अर्ब ५० करोड रुपैयाँ जुटाइने योजना बजेटमा समेटिएको छ ।

संघीय अनुदानअन्तर्गत वित्तीय समानीकरण अनुदान ७ अर्ब ८४ करोड ८५ लाख रुपैयाँ, सशर्त अनुदान ८ अर्ब १० करोड २८ लाख रुपैयाँ, समपूरक अनुदान ९४ करोड ७४ लाख रुपैयाँ तथा विशेष समपूरक अनुदान ७० करोड रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । यी शीर्षकहरूबाट मधेश प्रदेशले कुल १७ अर्ब ५९ करोड ८७ लाख रुपैयाँ संघीय अनुदान प्राप्त गर्ने अपेक्षा राखेको छ । अर्थमन्त्री भट्टराईले बजेटले कृषि आधुनिकीकरण, सिँचाइ विस्तार, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवाको पहुँच वृद्धि, सडक तथा पुल निर्माण, खानेपानी तथा वन संरक्षणका कार्यक्रमलाई प्राथमिकतामा राखेको बताए। उनले प्रदेशको आर्थिक आधार मजबुत बनाउँदै रोजगारी सिर्जना र उत्पादन वृद्धि गर्ने लक्ष्यका साथ बजेट ल्याइएको दाबी गरे ।

यद्यपि बजेट कार्यान्वयन क्षमता, राजश्व संकलनको अवस्था र विगत वर्षहरूमा देखिएको न्यून पुँजीगत खर्चका कारण आगामी आर्थिक वर्षमा सरकारको कार्यसम्पादनमाथि सबैको नजर रहने देखिएको छ ।


सुरक्षित पर्यावरणको माध्यमबाट किराको ब्यस्थापन गरौं ।
आफ्नो स्वस्थ्य बचाउ । उत्पादन बढाउ ।।
प्रसौनी गाउँपालिका
प्रसौनी, बारा


# चार मुद्दाका फरार प्रतिवादी वीरगंजबाट पक्राउ

***शु.आ. सम्वाददाता***
***वीरगंज, ०१ असार***




विभिन्न अदालतबाट कैद तथा जरिवाना सजाय ठहर भइसकेपछि लामो समयदेखि फरार रहेका एक प्रतिवादीलाई पर्सा प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साको फैसला कार्यान्वयन विशेष टोलीले फरार प्रतिवादी पर्साको पकाहामैनपुर गाउँपालिका-२ निवासी ३४ वर्षीय राजेश सहनीलाई वीरगञ्ज महानगरपालिका-१२ बाट पक्राउ गरेको हो । उनलाई जेठ २९ गते साँझ विशेष सूचनाका आधारमा नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक (डीएसपी) हरि बहादुर बस्नेतका अनुसार सहनीविरुद्ध बैंकिङ कसूर तथा चेक अनादरसम्बन्धी चार वटा मुद्दामा अदालतबाट सजाय सुनाइसकिएको थियो । अदालतको फैसला कार्यान्वयनबाट बच्न उनी फरार रहँदै आएका थिए ।

प्रहरीका अनुसार पर्सा जिल्ला अदालतले २०८१ असार ३० गते बैंकिङ कसूरसम्बन्धी एक मुद्दामा सहनीलाई २ दिन कैद र ३ लाख ६० हजार रुपैयाँ जरिवाना सजाय सुनाएको थियो । त्यस्तै, काठमाडौं जिल्ला अदालतले २०८१ असार ९ गते अर्को बैंकिङ कसूर मुद्दामा उनलाई १ वर्ष ५ महिना ५ दिन कैद तथा १५ हजार रुपैयाँ जरिवाना गर्ने फैसला गरेको थियो ।

यसका अतिरिक्त चेक अनादरसम्बन्धी दुई छुट्टाछुट्टै मुद्दामा पनि उनी दोषी ठहर भएका थिए । पर्सा जिल्ला अदालतले २०८० असार २६ गते र २०८१ मङ्सिर २५ गते सुनाएको फैसलाअनुसार ती दुवै मुद्दामा जनही १ हजार रुपैयाँका दरले जरिवाना सजाय तोकिएको थियो ।

अदालतबाट पटक-पटक सजाय ठहर भए पनि फरार रहँदै आएका सहनीलाई पक्राउ गरेपछि आवश्यक कानुनी प्रक्रिया पूरा गरी पर्सा जिल्ला अदालतमा पेश गरिएको प्रहरीले जनाएको छ ।

पछिल्लो समय अदालतबाट सजाय ठहर भई फरार रहेका प्रतिवादीहरूको खोजी तथा पक्राउ अभियानलाई पर्सा प्रहरीले तीव्रता दिएको छ । प्रहरीका अनुसार अदालतका फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन विशेष टोली परिचालन गरी फरार अभियुक्तहरूको खोजी कार्य निरन्तर जारी रहेको छ ।

# सन्तपुरमा बालविवाह रोकथाम र पेटभर्वामा दाइजो प्रथाविरुद्ध जनचेतना अभियान

***रुपेश यादव***
***रौतहट, ०१ असार***






रौतहटको फतुवा विजयपुर नगरपालिकाका दुई वडामा सामाजिक कुरीति न्यूनीकरण गर्ने उद्देश्यले बालविवाह रोकथाम तथा दाइजो प्रथाविरुद्ध जनचेतनामूलक कार्यक्रम सम्पन्न भएका छन्। स्थानीय तहको पहलमा आयोजित कार्यक्रमहरूमा सामाजिक रूपान्तरणका लागि सामूहिक प्रतिबद्धता व्यक्त गरिएको छ ।

नगरपालिकाको वडा नं. ५ सन्तपुर दोस्तियामा वडा कार्यालयको आयोजनामा तथा वडा अध्यक्ष शेख एजाजको अध्यक्षतामा दुईदिने बालविवाह रोकथाम सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा महिला, राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, बुद्धिजीवी तथा स्थानीय बासिन्दाहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रममा वक्ताहरूले बालविवाह नेपालको समाजमा अझै चुनौतीका रूपमा रहेको उल्लेख गर्दै यसले बालबालिकाको शिक्षा, स्वास्थ्य, मानसिक विकास र भविष्यमा गम्भीर असर पार्ने बताएका थिए । बालविवाहका कारण किशोरीहरू शिक्षा हासिल गर्ने अवसरबाट वञ्चित हुने, मातृ तथा शिशु मृत्यु दर बढ्ने तथा गरिबी र अशिक्षाको चक्र निरन्तर रहने भएकाले यसको अन्त्यका लागि समुदायस्तरबाटै सचेतना फैलाउन आवश्यक रहेको उनीहरूको भनाइ थियो ।

यसैगरी वडा नं. ६ यदुवंशीनगर (पेटभर्वा) मा वडा कार्यालयको आयोजनामा तथा वडा अध्यक्ष रामएकवाल राय यादवको अध्यक्षतामा तीनदिने दाइजो प्रथा सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको छ । कार्यक्रममा स्थानीय अगुवा, समाजसेवी, महिला समूहका प्रतिनिधि तथा सर्वसाधारणको सक्रिय सहभागिता रहेको थियो ।

कार्यक्रमका वक्ताहरूले दाइजो प्रथा सामाजिक अन्यायको एक प्रमुख कारण भएको उल्लेख गर्दै यसले छोराछोरीबीच विभेद सिर्जना गर्ने, छोरीहरूको शिक्षा र आत्मनिर्भर बन्ने अवसरमा बाधा पुऱ्याउने तथा महिलामाथि विभिन्न प्रकारका हिंसा र शोषण बढाउने बताए । दाइजोमुक्त समाज निर्माणका लागि कानुनी व्यवस्था मात्र पर्याप्त नभई समुदायस्तरमा सोच र व्यवहार परिवर्तन आवश्यक रहेको उनीहरूको जोड थियो ।

वडा नं. ५ र ६ का सचिव हिरालाल महतोले यस्ता जनचेतनामूलक कार्यक्रमले समाजमा सकारात्मक परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । उनले सामाजिक विकृति र कुरीतिविरुद्ध स्थानीय सरकार, नागरिक समाज तथा समुदायको संयुक्त प्रयास आवश्यक रहेको बताए ।

कार्यक्रममा नगरपालिकाका योजना शाखा प्रमुख सुधीर यादव, वडा कार्यालयका कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधि, स्थानीय अगुवा, महिला समूह तथा सर्वसाधारणको सहभागिता रहेको थियो ।

सहभागीहरूले बालविवाह र दाइजो प्रथाजस्ता सामाजिक कुरीतिविरुद्ध सामूहिक रूपमा आवाज उठाउन तथा जनचेतना अभिवृद्धि गर्न यस्ता कार्यक्रम प्रभावकारी माध्यम बन्ने विश्वास व्यक्त गरेका छन्। स्थानीय तहको पहलमा सञ्चालन गरिएका यस्ता अभियानले सामाजिक सुधार र समतामूलक समाज निर्माणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।


जनहितमा जारी सन्देश

- लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार
- लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनत: दण्डनीय छ ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं ।

स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

बारागढी गाउँपालिका
खोपवा, बारा


तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - फेटा गाउँपालिका, बारा